१४२

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. १५४/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ..........................................................................१ निवेदक

विरूद्ध

जिल्ला शिक्षा अधिकारी (कार्यालय प्रमुख), जिल्ला शिक्षा कार्यालय, उदयपुर ..........................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, उदयपुर ......................................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला शिक्षा कार्यालय, उदयपुर समक्षसूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०८ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।१३ को आदेश बमोजिम जिल्ला शिक्षा कार्यालय, उदयपुरको मिति २०७१।११।१४, च.नं.१८६६, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई इमेल मार्फत उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | |
|---|---|
| किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।